आर्थिक वर्ष २०८०/८१ को

# बजेट तथा वार्षिक कार्यक्रम

# बडिगाड गाउँपालिका

## बडिगाड गाउँपालिकाको तेह्रौं गाउँसभामा मिति २०८० आषाढ १० गते उपाध्यक्ष श्री भिमसेन वनद्वारा प्रस्तुत बजेट तथा बार्षिक कार्यक्रम

**सभाध्यक्ष ज्यू,**
**गाउँसभा सदस्य ज्यूहरु,**

सम्मानित तेह्रौं गाउँसभा समक्ष बडिगाड गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा सम्पूर्णमा स्वागत तथा अभिवादन प्रकट गर्न चाहान्छु । यस अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन र स्वतन्त्रता प्राप्तिका लागि जीवन आहुति दिनु हुने सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै आन्दोलनका घाईते तथा वेपत्ता हुन भएका नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।
बडिगाड गाउँपालिकालाई अगाडि बढाउने क्रममा स्थापनाकालदेखि हालसम्म हरतवरले सहयोग गर्दै आउनु भएका आम नागरिक, बडिगाडको समग्र विकासका लागि सक्रीयपूर्वक सेवा प्रवाह र उन्नतिको पथमा लाग्नु भएका कर्मचारी, पूर्व जनप्रतिनिधि र जग्गादाता ज्यूहरुमा हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।
आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानको धारा ५९ उपधारा १ र धारा २३० उपधारा १ को अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन, आर्थिक कार्यविधि, नेपाल सरकार तथा प्रदेश सरकार र बडिगाड गाउँपालिकाको नीति तथा कार्यक्रम, आवधिक योजना, मध्यकालिन खर्च संरचना र सरोकारवालाहरुको सुझावलाई केन्द्रित गरी यो बजेट तथा कार्यक्रम तय गरेको छु । हालसम्म भए गरेका प्रयासबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत हुने गरी बडिगाड गाउँपालिकाको दिगो पूर्वधार र सक्षम मानवपूँजी निर्माणमा सहयोग पुगोस् भनी बजेटको अनुमानलाई प्रस्तुत गरेको छु ।

सभाध्यक्ष ज्यू,

आ.व. २०७९/०८० मा सञ्चालनमा रहेका योजनाहरु ८५ प्रतिशत सम्पन्न भएका छन् भने यस अवधीमा निर्माणाधिन गौरवमा योजनाहरु, हस्पिटल, वडा कार्यालयहरु निर्माणको अन्तिम चरणमा रहेका छन् ।

सभाध्यक्ष ज्यू,

बडिगाड गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्यलाई प्राप्ति गर्नका लागि आर्थिक बर्ष २०८०/०८१ का लागि प्रस्तावित बजेट तथा कार्यक्रमले निम्न उद्देश्य तय गरिएको छ ।

- यस आर्थिक वर्ष देखि गाउँपालिकाको सबै वडा कार्यालयको आफ्नै प्रशासनिक भवन हुनेछ जसबाट दैनिक प्रशासनिक कार्य सञ्चालनमा सहजता आई सुशासन कायम गर्न सहयोग पुग्नेछ ।
- विकासको पुर्वाधारहरुको  बिस्तार र पहुँच बस्तीस्तरसम्म बृद्धि गरी विकासको अवसरलाई आम नागरिकले उपयोग गर्ने अवस्था श्रृजना हुनेछ । अपूरा योजना सम्पन्न हुनुका साथै ग्रामिण विकासमा जोड दिदैं सुविधा सम्पन्न बस्तिदेखि बस्ति जोड्ने सडकको काम शुरुवात हुनेछ ।
- संविधान प्रदत्त मौलिक अधिकारको सुनिश्चितताका लागि न्युनतम शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा स्थानीय सरकारको दायित्व र जिम्मेवारी पूरा हुनेछ ।
- कृषि, पशु, घरेलु उधोग, साना उधोग र उद्दम विकास मार्फत रोजगारीको बृद्धि गरी आर्थिक बृद्धिदर हाँसिल गर्दै गरिवी न्युनिकरणमा सहयोग मिल्नेछ ।
- समावेसी र समन्यायिक विकासको अवधारणा मार्फत गाउँपालिका भित्रका सबै वर्ग, लिङ्ग, जातजाति, सम्प्रादायको सार्वजनिक श्रोत साधनमा पहँच अभिबृद्धि गरिनेछ ।
- रैथाने स्थानीय जातको कृषि उत्पादन  र स्थानीय साना कृषि पाकेट क्षेत्रको सञ्चालनबाट आय आर्जनमा बृद्धि भई गरीवि निवारणमा टेवा पुग्नेछ।उत्पादनको क्षेत्र तोकि एक टोल एक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- खानेपानी तथा सरसफाई सम्बन्धि  चेतनाको स्तरोन्नति गरी स्वस्थ समाज र सफा टोल निर्माण हुनेछ ।
- गाउँपालिका भित्र सञ्चालन हुने बिभिन्न कार्यक्रम तथा आयोजनाहरुमा जनसहभागिता, पारदर्शिता, जवाफदेहिता र उत्तरदायीत्व बढाई सुशासनको प्रत्याभुति गराईनेछ ।
- सरकारी, सहकारी र नीजि क्षेत्रको लगानीमा स्थानीय स्रोत र साधनको समुचित र अधिकतम परिचालन गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्याईनेछ ।
- यस आ.व.मा छुट्टै राजश्व शाखा स्थापना गरी करको दायरामा विस्तार गरिएको छ भने सम्पत्ति कर लागु गरिनेछ ।

सभाध्यक्ष ज्यू,

अब म क्षेत्रगत रुपमा आगामी वर्षको बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहान्छु।

**आर्थिक बिकास**

कृषि पेशा सम्मानित र पुस्ता हस्तान्त्रित उच्च पेशा हो ।मानव जीवनको मुल आधार नै कृषिमा अडिएको छ। कृषि क्षेत्रको विकास, उचित भण्डारण तथा बजारिकरण नगरेसम्म सुखि र तनावमुक्त किसान बनाउन सकिदैन । अतः कृषि तथा पशु पालनको समुन्नत विकास गरी नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन, स्वरोजगारको संख्यामा बृद्धि गर्न उधम विकास कार्यक्रम सञ्चालन गर्ने र आर्थिक विकास हुने कार्यक्रम सञ्चालन गर्न यो बर्ष २ करोड ९९ लाख ४० हजार रकम विनियोजन गरी देहायको कार्यक्रम सञ्चालन गरिनेछ। आर्थिक विकासमा सहयोग पुर्याउन कृषि क्षेत्रमा १ करोड ९७ लाख १७ हजार, उद्योग क्षेत्रमा १८ लाख, जलस्रोत तथा सिंचाई क्षेत्रमा ३९ लाख ३५ हजार, पशुपन्छी विकास क्षेत्रमा ४१ लाख ८८ हजार र सहकारी क्षेत्रमा ३ लाख रकम विनियोजन गरिएको छ ।

- उत्पादनमा आधारित अनुदान र वित्तीय क्षेत्रसँग सहकार्य गरी व्यवसायिक ऋणको व्याज अनुदान कार्यक्रम तथा कृषि विमाका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।
- खाद्यान्न उत्पादन बृद्धि गर्न मकै बाली पकेट बिकास कार्यक्रम सञ्चालन, कोदो, सिलाम, फापर जस्ता रैथाने जातका वालीको पकेट कार्यक्रमलाई निरन्तरता दिइएको छ ।पालिका स्तरिय साना पकेट स्थापनाका लागि आवश्यक बजेटको ब्यवस्था मिलाइएको छ ।
- बिगत वर्ष देखि सञ्चालनमा रहेको आलु बाली पकेट बिकास कार्यक्रमलाई निरन्तरता दिदै थप क्षेत्रमा समेत आलु बाली पकेट बिकास कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कार्यक्रमको लागि बजेट ब्यबस्था मिलाईएको छ।
- फलफुलको बिरुवा रोपण कार्यक्रम, साना सिंचाइ निर्माण, रैथाने बाली प्रबर्द्धन, मिनी किट वितरण, बिषादी तथा सुक्ष्मतत्व वितरण, कृषि सामग्री तथा मेसिनरी सामान वितरण, नगदे बालीमा भाँगोलाई समावेश गरिने छ साथै अलैची, अदुवाको थप प्रबर्द्धन, एक घर एक करेसाबारी, कृषकहरुको क्षमता बिकास कार्यक्रम लगायतको कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको ब्यबस्था मिलाईएको छ।
- कृषकहरुको तथ्याङ्क अद्यावधिक गर्ने कार्यक्रम सञ्चालन गरिने छ।कृषकहरुलाई प्राविधिक सहयोगको लागि स्नातक तहको प्राविधिक करारमा नियुक्त गरी दक्ष कृषि प्राविधिक कर्मचारीको ब्यबस्था मिलाईनेछ।
- विद्यालयमा कृषि कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुलाई श्रम जीवन सिकाई बुझाउने कार्यको शुरुवात गर्न बजेट विनियोजन गरिएको छ ।
- पशुपालन फर्म सञ्चालन गर्ने कृषकहरुको ब्यबसायमा थप मद्दत गरी ब्यबसायिक फर्म सपोर्ट कार्यक्रम र बाख्रापालक कृषकको व्यवसायिक प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि आवश्यक रकमको ब्यबस्था मिलाईएको छ।

- बिभिन्न प्रकारको रोग, प्रकोपको तथा बाह्य प्रजिवीका कारण पशुधनको मृत्यूबाट पशुपालक कृषकहरुलाई पर्न जाने नोक्सानीलाई न्युनिकरण गरी कृषकहरुको ब्यबसायलाई जिवन्त राख्न पशु पंक्षिमा गरीने बिमाको प्रिमियम भुक्तानीमा अनुदान दिन ब्यबस्था मिलाईनुका साथै पशु पंक्षिको उपचारको लागि औषधि उपचार गर्ने र बाह्य प्रजिवी नियन्त्रणको कार्यक्रम सञ्चालन गर्ने ब्यबस्था मिलाईएको छ। ।
- पशु पंक्षिको उपचारको लागि स्वास्थ्य शिविर सञ्चालन, घाँसको बिउ तथा बेर्ना बितरण, मासु पसल सुधार, डेरी सुधार, भेडीगोठ प्रबर्द्धन, पशु स्वास्थ्य प्रयोगशाला निर्माण जस्ता कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको ब्यवस्था मिलाईएको छ।
- बडिगाड गाउँपालिकामा सञ्चालित सहकारी संस्थाहरुको ब्यबसायीक क्षमता बिकासको लागि सहकारी प्रबर्द्धन कार्यक्रम सञ्चालन गरी सहकारी शिक्षा सम्बन्धि आधारशिला तालिमको ब्यबस्था गरिनेछ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।
- घरेलु उद्योग स्थापना तथा सञ्चालनको लागि आवश्यक पहल गरिनेछ । परम्परागत घरेलु उद्योगलाई निरन्तरता दिन बजेटको ब्यबस्था मिलाइएको छ।
- गरीबि निवारणको लागि लघु उद्यम बिकास कार्यक्रम (MEDPA) मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी श्रृजना गर्ने, उद्यमीहरुको स्तर उन्नति गर्ने, अति गरीव परिवारको लागि सम्भाब्य उत्पादन उत्पादकत्व, वित्तिय परामर्श र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गर्ने कार्यको लागि बजेटको ब्यबस्था मिलाई कार्यक्रमलाई निरन्तर दिइएको छ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमलाई प्रभावकारी बनाउन परम्परागत सीप र कलाको संरक्षण तथा प्रवर्द्धनका लागि बजेटको व्यवस्था मिलाइएको छ ।
- बडिगाड गाउँपालिका भित्र रहेका अल्पसंख्यक जाति, जनजाति र दलित समुदायको सघन बस्ती रहेको टोललाई नमुना बस्ती बनाउने कार्यक्रम अन्तरगत सम्भावना अध्यन गर्ने र एक बस्तीमा कार्यक्रम लागु गर्न साथै परम्परागत सीप र कलामा आधारित जनजाति बस्तीमा घरबास कार्यक्रम निर्माणको सहजीकरणका लागि बजेटको व्यवस्था मिलाइएको छ ।

**सामाजिक बिकास**

मानव पूँजिको विकासबाट मात्र समग्र विकासको ढोका खुल्ने भएकाले यो बर्ष सामाजिक विकासको क्षेत्रमा ३६ करोड ८२ लाख २२ हजार बजेट विनियोजन गरिएको छ । जसमा शिक्षा क्षेत्रमा ३१ करोड ५ लाख ३८ हजार, स्वास्थ्य क्षेत्रमा २ करोड ९० लाख १५ हजार, सामाजिक शुरक्षा तथा संरक्षणको क्षेत्रमा १ करोड १४ लाख ४१ हजार, युवा तथा खेलकुद क्षेत्रमा ४८ लाख ५० हजार, खानेपानी तथा सरसफाई क्षेत्रमा ६७ लाख २४ हजार, भाषा तथा संस्कृति संरक्षण क्षेत्रमा ३४ लाख ५० हजार, लैङ्गिग समानता तथा सामाजिक समावेशिकरण को क्षेत्रमा २२ लाख ४ हजार बजेटको ब्यवस्था मिलाईएको छ ।

- बालबिकास केन्द्र र विद्यालय कर्मचारीहरुको लागि नेपाल सरकारको नीति अनुसार थप तलबलाई निरन्तरता दिने ब्यबस्था मिलाईएको छ।

- सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक पुर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा जोड दिईनेछ।बडिगाड गाउँपालिका वडा नं. ४ स्थित बनस्पति माध्यमिक विद्यालय र वडा नं ५ को भानु माध्यामिक विद्यालयको भवन निर्माणको लागि नेपाल सरकारको समपुरक अनुदान कार्यक्रम अन्तरगत रु. १ करोड ८५ लाख र बडिगाड गाउँपालिकाको रु. १ करोड ८५ लाख समपुरक गरि ३ करोड ७० लाख बजेटबाट भवन निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ साथै उक्त कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता दिईनेछ।
- बडिगाड गाउँपालिकाको स्थानिय पाठ्यपुस्तक, शैक्षिक योजना, शैक्षिक वस्तुगत विवरण तयार गर्न, सिकाई सामग्री तथा डिजिटल सिकाई सामाग्रीको लागि आबश्यक बजेटको ब्यवस्था मिलाईएको छ।
- विद्यालयलाई जंगफुड निशेधित क्षेत्र घोषणा गरि तोकिएको लक्षित वर्गका विद्यार्थीको लागि गुणस्तरीय दिवा खाजाको सुनिस्चित गर्न १ करोड ४९ लाख ७४ हजार बिनियोजन गरिएको छ ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदानको ब्यबस्था मिलाईनेछ । स्रोत ब्यक्ति मार्फत विद्यालयको नियमित अनुगमन र निर्देशनका लागि रु १३ लाख ८५ हजार रकम बिनियोजन गरिएको छ ।
- कक्षा ६-१२मा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याडको ब्यबस्था तथा छात्र छात्राहरुको लागि छात्राबृत्तिको ब्यबस्था मिलाईनेछ ।
- आधारभुत तहको परीक्षालाई मर्यादित बनाउन परीक्षा सञ्चालन, अनुगमन कार्यलाई ब्यबस्थित बनाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप, शैक्षिक भ्रमण, सरोकारवालाहरु विच कार्यशाला गोष्ठी, शिक्षक विद्यार्थी र अभिभावको कुरा गाउँपालिका अध्यक्षसँग जस्ता कार्यक्रम सञ्चालन गर्न बजेटको प्रबन्ध मिलाईएको छ।
- राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितालाई थप व्यवस्थित गरी सञ्चालन गर्न बजेटको ब्यबस्था मिलाईएको छ।
- गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालनको लागि रकम रु.१५ लाख विनियोजन गरिएको छ।जस बाट बिद्यालयको शैक्षिक गुणस्तर निर्माण मा खर्च गर्ने ब्यवस्था मिलाईनेछ ।
- शैक्षिक पहुँचमा सुनिस्चतताको लागि अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईएको छ।
- बडिगाड गाउँपालिका भित्र काम गर्ने विभिन्न गैर सरकारी संघ संस्थाहरुसँग सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने, कार्यक्रम सञ्चालन गर्ने सँघ सँस्थाहरुले अनिवार्यरुपमा गाउँपालिकामा कार्यक्रम पेश गरी स्वीकृति लिने र कार्य सम्पन्न भए पछि कार्य सम्पादन प्रतिबेदन पेश गर्नु पर्ने ब्यबस्था गरिनेछ। गाउँपालिकासँग लागत साझेदारीमा काम गर्न चाहाने गैर सरकारी संस्थाहरुसँग लागत साझेदारीको लागी रकमको ब्यवस्था मिलाइएको छ।

- यस आर्थिक वर्षमा नेपाल स्वास्थ्यको लागि पानी (नेवा) सँगको सह कार्यमा बडिगाड गाउँपालिकाको वडा नं. ५, ७ र १० मा ३ वटा खानेपानी तथा सरसफाई योजनाहरु सञ्चालन गरिनेछ ।उपरोक्त योजना सम्पन्न गर्न समपुरक रकमको ब्यबस्था मिलाईएको छ।
- १० वटै वडामा संचालित स्वास्थ्य संस्थाहरुलाई ब्यबस्थितरुपमा सञ्चालन, भौतिक सुधार, मातृमृत्युदर, नवजात शिशु मृत्युदर, बालमृत्यु दर घटाई औषत आयु बढाउन स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रबर्दधनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक सेवाहरुलाई समेटेर स्वास्थ्य कार्यक्रम सञ्चालनको लागि बजेट ब्यबस्था मिलाईएको छ ।
- बाह्य खोप केन्द्रबाट सञ्चालन गरिने खोप सेवालाई गुणस्तरीय बनाउन बाह्य खोप केन्द्रलाई ब्यबस्थित गर्न र बडिगाड गाउँपालिकामा ब्यापकरुपमा फैलिएको क्षयरोग नियन्त्रणको लागि बिशेष कार्यक्रम सञ्चालन गर्न बजेटको ब्यबस्था मिलाईएको छ।
- बडिगाड गाउँपालिकाको पोषणको अवस्था कमजोर रहेकोले पोषण तथा खाद्य सुरक्षा कार्यक्रम सञ्चालन गर्न रकमको ब्यबस्था मिलाइएको छ। "पोषणमैत्री नमुना गाउँपालिका" कार्यक्रम सञ्चालन गर्न रु. ९१ लाख ५० हजार बजेटको ब्यबस्था मिलाइएको छ।
- स्वास्थ्य स्वयम् सेविकाहरुको सुविधा, स्वास्थ्य संस्थामा सुत्केरी हुने सुत्केरी आमाहरुका लागि पोषण भत्तामा को कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिईएको छ । किसानलाई प्रोत्साहन सुत्केरीलाई पोषण कार्यक्रमको क्षेत्र बिस्तार गरिनेछ ।
- महिला, बालबालिका, अपाङ्गता भएको ब्यक्ति, जेष्ठ नागरीक, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको आय आर्जनको क्रियाकलाप सञ्चालन गर्न, तथ्याङ्क संकलन तथा अद्यावधिक गर्न, समाजमा रहेको कुरीति, बिकृत, बिसंगति, लागू औषधी दुर्व्यसनी, कुप्रथा, लैंगिक हिंसा, मानव बेचबिखान तथा ओसारपसार विरुद्ध सचेतनात्मक कार्यक्रम सञ्चालन गर्न बजेटको ब्यबस्था गरिएको छ।लक्षित वर्गका कार्यक्रम सञ्चालनका लागि रु. ७५ लाख रकम विनियोजन गरिएको छ ।
- जेष्ठ नागरिकका लागि सहायता सामाग्री वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- सामाजिक सुरक्षा सूचना ब्यबस्थापन प्रणालीलाई ब्यबस्थित गर्न बजेटको ब्यबस्था मिलाइएको छ।
- बैंककसँगको सहकार्यमा सामाजिक सुरक्षा भत्तालाई सम्बन्धित वडाबाट र असक्त जेष्ठनागरीक एवं अति असक्त अपाङ्गहरुलाई टोल टोलबाट सामाजिक सुरक्षा भत्ता बितरण गर्न आवश्यक बजेटको ब्यबस्था मिलाईएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विपन्न श्रमिकहरुको लागि न्युनतम रोजगारी सृजना गर्न यस बर्ष ४५ लाख ८५ हजार बजेटमा पालिकाबाट समपुरक बजेटको ब्यवस्था गरि दिगो र सुरक्षित संरचना निर्माणका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।
- रोजगार सेवा केन्द्र सुदृढीकरण र थप ब्यबस्थित बनाउन बजेटको प्रबन्ध गरिएको छ ।मध्यपाहाडी लोकमार्ग र ग्रामीण सडकको दिगोपन र संरक्षणका लागि लेन्थ वर्करको व्यवस्थाका लागि आवश्यक समन्वय र बजेटको व्यवस्था गरिएकोछ ।

- खेलकुद बिकास कार्यक्रमको लागि बजेटको ब्यबस्था मिलाइएको छ।

## पुर्वाधार तथा भौतिक निर्माण

बडिगाड गाउँपालिकामा सञ्चालित पूर्वाधर लाई दिगो र प्रभावकारी बनाउन नागरिक सँग सहकार्य गरि हाम्रो आयोजना दिगो र राम्रो आयोजना कार्यक्रम सञ्चालन गरिनेछ । जसको लागि पूर्वाधार विकास तर्फ रु १३ करोड ४४ लाख ४८ हजार बिनियोजन गरिएको छ । जस अन्तर्गत यातायात पूर्वाधारको क्षेत्रमा ५ करोड ९३ लाख ४८ हजार, भवन आवास तथा सहरी विकास क्षेत्रमा ७ करोड ४६ लाख, उर्जा क्षेत्रमा ५ लाख बजेटको ब्यवस्था मिलाईएको छ ।

- नेपाल सरकारले सञ्चालनमा लिएको सुरक्षित नागरिक आवास कार्यक्रमले समेट्न नसकेका घर परिवारहरुको लागि **"बडिगाड गाउँपालिका सुरक्षित नागरिक आवास"** कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिइएको छ ।
- बडिगाड गाउँपालिकाको मुख्य बस्तीहरुलाई जोड्ने सडकहरुलाई मर्मत गरी नियमित सञ्चालन गर्ने र हालसम्म पनि साविकको वडासम्म सडक सञ्जाल नपुगेको स्थानमा सडक पुर्याउनका लागि बजेटको ब्यबस्था मिलाइएको छ।
- सडकको अति आवश्यक स्थानमा बाहेक नयाँ ट्र्याक खोल्ने कार्यलाई न्युनिकरण गरिनेछ। ट्र्याक खोल्ने कार्य सुरु गरी हालसम्म सम्पन्न नभएको मोटर बाटो र वडाको केन्द्र जोड्ने सडकको स्तर उन्नत गर्नका लागि बजेटको ब्यबस्था मिलाइएको छ।
- लघु जलविद्युतको जोखिम न्युनिकरण र स्थायित्वका लागि बडिगाड गाउँपालिकाको तर्फबाट सहयोग गर्न आवश्यक बजेटको व्यवस्था गरिएकोछ । साथै एनइएसँग सहकार्य गरी केन्द्रीय लाइन विस्तारमा तिव्रता दिइनेछ ।
- गाउँपालिकाको प्रशासनिक भवन थप ब्यवस्थापन र वडा कार्यालयहरु यसै आ.व.मा सम्पन्न हुने गरी आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।
- संघिय सरकार, प्रदेश सरकार र बिभिन्न संघ संस्थाहरुको सहलगानीमा योजना सञ्चालनको लागि समपुरक कोषको ब्यबस्था मिलाइएको छ।
- निर्माण सम्पन्न भएका पूर्वधारको निरन्तरताका लागि आयोजना संरक्षण कोषको व्यवस्था गरिएको छ । जसमा आयोजना सञ्चालन खर्चबाट ५ प्रतिशत रकम सो कोषमा राख्ने व्यवस्था हुने गरी कार्यविधी निर्माण गरिनेछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

बडिगाड गाउँपालिकाको संस्थागत विकास र नागरिकलाई सहज सेवा प्रवाहका लागि १ करोड ५३ लाख ३२ हजार बजेट बिनियोजन गरिएको छ । जस अन्तर्गत शासन प्रणालि सुधारको क्षेत्रमा ४८ लाख, श्रम तथा

रोजगारीको क्षेत्रमा ७३ लाख ८५ हजार, योजना तर्जुमा तथा कार्यान्वयनको क्षेत्रमा ३ लाख, वातावरण तथा जलबायु क्षेत्रमा २० लाख बजेटको ब्यवस्था मिलाईएको छ ।

- स्वच्छ वातावरण नागरिकको मौलिक हकको सुनिश्चितताका लागि बडिगाड गाउँपालिकाभित्रको वातावरणलाई सफा राख्न फोहोरमैला व्यवस्थापनका गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।
- जलाधार एवं वातावरण संरक्षण र प्राकृतिक प्रकोप नियन्त्रण तथा उद्दार राहत तथा पुनस्थापनाका लागि बजेटको व्यवस्था मिलाइएको छ ।
- सेवाको वरिपरि जनता होइन, जनताको वरिपरि सेवा भन्ने अवधारणालाई आत्मसाथ गर्दै गाउँपालिकामा नागरिक साहायता कक्ष स्थापना गरी सेवा प्रवाहमा सहजिकरण गरिनेछ साथै गाउँपालिका र वडामा नागरिक मेलमिलाप केन्द्र स्थापनाका लागि बजेटको व्यवस्था गरिएको छ ।
- जनप्रतिनीधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न तालिम र अवलोकन भ्रमणको ब्यबस्था मिलाइएको छ।
- ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यबस्थापन सूचना प्रणालिलाई ब्यबस्थित गर्ने ब्यबस्था मिलाइएको छ।
- न्यायिक समितिको कार्य सम्पादन प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

**कार्यालय संचालन तथा प्रशासनिक**

बडिगाड गाउँपालिकामा संगठनात्मक प्रशासनिक ब्यवस्थापन गरि कर्मचारीको संख्या निर्धारण र दरबन्दीको ब्यबस्था गरिनेछ ।कार्यालयको चालु खर्चमा मितब्ययिता कायम गरिएको छ ।गाउँपालिकाको नीति कानुन मापदण्ड तथा निर्णय कार्यान्वयन र सम्पत्तिको सुरक्षा र संरक्षणका लागि गाँउपालिका नगर प्रहरीको ब्यवस्थाका लागि आवश्यक बजेट मिलाईएको छ । यि प्रयोजनका लागि कार्यालय तथा प्रशासनिक खर्च शिर्षकमा १२ करोड ४० लाख २२ हजार विनियोजन गरिएको छ ।

**वित्तिय व्यबस्थापन/ वित्तिय जोखिम न्युनीकरण तथा पार्दशिता र सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षणः**

- भ्रष्टाचार सुन्य सहनशिलताको नीति अवलम्बन गरिएकोछ। वित्तिय ब्यबस्थापनलाई पारदर्शि बनाईनेछ।उपभोक्ता समिति / सँघ संस्था/ निर्माण व्यवसायिबाट हुने कामको साथै गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट सञ्चालन हुने काममा वित्तिय जोखिम न्युनिकरण गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षणको ब्यबस्था मिलाईएको छ।

**सभाध्यक्ष ज्यू,**

अब म वार्षिक बजेटको विवरण पेश गर्ने अनुमति चाहान्छु।

बडिगाड गाउँपालिकाको नीति तथा कार्यक्रमलाई सफल कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०८०/०८१ मा आय तर्फ आन्तरिक राजस्वबाट रु. १,५०,००,०००/-, नेपाल सरकारको राजस्व बाँडफाँडबाट रु.१०,७७,७७,०००/, प्रदेश सरकारको राजस्व बाँडफाँडबाट रु.८८,४०,०००/-, नगद मौज्दातबाट

रु.२,९५,००,०००/-, अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारको वित्तीय सम्मानीकरण अनुदान रु.१०,९५,००,०००/-, प्रदेश सारकारबाट प्राप्त हुने वित्तीय सम्मानीकरण अनुदान रु.१,४४,४७,०००/-, संघीय सरकारको ससर्त अनुदान रु.३५,४४,००,०००/-, संघिय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु.९०,००,०००/, प्रदेश सरकारबाट प्राप्त हुने ससर्त अनुदान रु. ६०,००,०००/-, संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु. १८५,००,०००/-, प्रदेश सरकारबाट प्राप्त हुने समपुरक कोष रु. ५०,००,०००/- गरी कुल जम्मा रु. ६७,१९,६४,०००/- आय प्रस्ताव गरेको छु। यसै गरी ब्याय तर्फ निसर्त तर्फको चालु खर्च रु.१३,४५,३८,०००/- , ससर्त चालु खर्च रु. ३४,४५,००,०००/- गरी जम्मा चालु खर्च रु. ४७,९०,३८,०००/- र पुँजिगत खर्च तर्फ निसर्त पुँजिगत खर्च रु. १५,०५,२६,०००/- र ससर्त पुँजिगत खर्च रु. ४,२४,००,०००/- गरी जम्मा पुँजिगत खर्च रु. १९,२९,२६,०००/- रहेको छ। यस आ. व. का लागि चालु र पुँजिगत खर्चको कुल योग जम्मा रु. ६७,१९,६४,०००/- रहेको प्रस्ताव पेश गरेको छु। जसको विस्तृत विवरण अनुसूचिमा ब्यबस्था गरी संलग्न गरेको छु।

आर्थिक वर्ष २०७८/७९ को यथार्थ आम्दानी खर्च विवरण, आ.व. २०७९/०८० संसोधित अनुमान र २०७९/८० जेष्ठ महिना सम्मको यथार्थ आम्दानी खर्च विवरण, आ.व.२०८०/०८१ को अनुमानित आम्दानी खर्च विवरण, आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन गर्न प्रस्तावित योजना तथा कार्यक्रमको विवरणको साथै मध्यकालिन खर्च संरचनाको विवरण, यसै साथ संलग्न गरी पेश गरेको छु।

**सभाध्यक्ष ज्यू,**

गाउँपालिकाको बजेट तयारीको विभिन्न चरणमा मार्गनिर्देशन गर्नु हुने गाउँपालिकाको अध्यक्ष ज्यू, सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिकाको सदस्य ज्यूहरु, गाउँ सभाको सदस्य ज्यूहरु, विषयगत समितिको संयोजक तथा सदस्य ज्यूहरु, लेखा अधिकृत लगायत कर्मचारी साथीहरुप्रति हार्दिक आभार ब्यक्त गर्न चाहान्छु।

अन्त्यमा गाउँपालिकाको दीर्घकालीन सोच, उद्देश्य र प्राथमिकरणमा सहयोग पुग्ने गरी बजेट कार्यान्वयनमा सबै पक्षबाट रचनात्मक सहयोग हुने विश्वास लिंदै बजेट कार्यान्वयनका लागि सबै पक्षबाट सहयोगको अपेक्षा सहित बिदा हुने अनुमति चाहान्छु ।

## धन्यवाद